क्षेत्रीय अखबार

# पश्चिम नेपाल

-वर्षः २०, अङ्कः २००, २०८२ पौष १६ गते बुधबार (31 Dec., 2025) -मूल्यः रु. १०|-, -पृष्ठ ४

सुदूरपश्चिममा सर्वाधिक बिक्री हुने पत्रिका

दैनिक

भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्धन गरौं।

- मौलिक संस्कृतिको रक्षा गरौं।
- राष्ट्रिय पोशाक तथा मौलिक संस्कृति प्रति गौरव गरौं।
- मातृभाषाको सम्मान गरौं।
- परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्धन गरौं।
- महत्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं।
- सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरुको संरक्षण र प्रवर्धन गरौं।
- सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं।
- आधुनिकता र प्रविधिसँगै आफ्नो मौलिक परम्परा जोगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## चार महिनापछि बल्ल प्रदेशसभाको बैठक बस्दै

**–पश्चिम नेपाल संवाददाता**
**कैलाली, १५ पौष**



जेन-जी आन्दोलन नहुँदैदेखि ठप्प भएको सुदूरपश्चिम प्रदेशसभा बैठक पाँच महिनापछि बुधबार बस्ने तयारी गरिएको छ । गत भदौ ५ गते यता सुदूरपश्चिम प्रदेश सभा ठप्प छ ।

सुरुदेखि नै सुस्त रहेको प्रदेशसभा जेन-जी आन्दोलनको चपेटामा परेपछि भौतिक रूपमै तहसनहस भएको थियो । महिनौँसम्म प्रदेशसभा ठप्प हुँदा निर्माण गर्नु पर्ने विभिन्न विधेयकहरूको थुप्रो लागेको प्रदेशसभा सचिवालयले जनाएको छ । प्रदेशसभा सचिवलायका अनुसार यतिबेला ०८१ फागुनदेखिकै विधेयकहरू थुप्रिएर बसेका छन् ।

यसै अधिवेशनले पारित गरेको सुदूरपश्चिम प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन पहिलो संशोधन विधेयक-२०८२ संशोधन गर्नुपर्ने दबाबमा सरकार छ । अहिले पनि त्यही कारण सरकार बैठक बसाल्न हतारिएको प्रदेशसभा सचिवालयका अधिकृतहरू बताउँछन् । उक्त विधेयकको व्यवस्थाका कारण स्थानीय तहले जुनसुकै तहमा करार सेवाका कर्मचारी भर्ना, तह, स्तरवृद्धि र बढुवा प्रक्रिया प्रभावित भएकाले स्थानीय तहका कर्मचारी लामो समयदेखि आन्दोलित छन् ।

कतिपय स्थानीय तहले करार सेवाका सम्पूर्ण कर्मचारी हटाएपछि सेवा नै प्रभावित भएको अवस्था छ । बाजुराको बुढीगंगा नगरपालिकाले सोही विधेयकका कारण १२० भन्दा बढी कर्मचारी हटाएपछि करार सेवाका कर्मचारीकै भरमा सञ्चालनमा रहेका सात वटा स्वास्थ्य संस्थासमेत तीन महिनादेखि ठप्प छन् । 'यता, कानुन निर्माणका थुप्रै कामहरू थुप्रिएर बसेका छन्,', प्रदेशसभा सचिवालयका सूचना अधिकारी युवराज जैशीले भने, '०८१ फागुनमा दर्ता भएका कानुन निर्माणका काम पनि थन्किएर बसेका छन् । टीकापुर विश्वविद्यालय, प्राविधिक विश्वविद्यालय, स्थानीय तहसम्बन्धी कानुन संशोधनलगायतका थुप्रै बिजनेस छन् ।'

०८१ फागुनमा दर्ता भएको वनसम्बन्धी कानुन संशोधन, ०८१ कै चैतमा दर्ता भएको विज्ञान तथा प्रविधि विश्वविद्यालय पनि कानुन छलफलमै जान नसकेको जैशीले बताए । त्यही समयमा दर्ता भएको भलमन्सासम्बन्धी कानुन पनि थन्किएको उनको भनाइ छ ।

सचिवालयमा पाँच वटा विधेयक दर्ता छन् । सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) (पहिलो संशोधन) विधेयक, २०८२, टीकापुर विज्ञान तथा प्रविधि विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, सुदूरपश्चिम प्रदेश जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, दलित सशक्तीकरण ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक, सुदूरपश्चिम प्रदेश बरघर र भलमन्सा प्रथा संरक्षण तथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, केही उद्योग तथा वनसम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयक दर्ता भएर बसेका सचिवालयले जनाएको छ ।

अर्कोतिर जेन-जी आन्दोलनका क्रममा प्रदेशसभाको बैठक कक्षसहित सम्पूर्ण भौतिक संरचना ध्वस्त भएका थिए । यतिबेला प्रदेशसभा भवनको बैठक कक्षा मर्मत तथा पुनःनिर्माण कार्य तीव्र गतिमा चलिरहेको छ । 'प्रदेशसभा बैठक कक्ष मंलगबारसम्म पूरा गर्ने लक्ष्य लिएका छौं,' सूचना अधिकारी युवराज जैशीले भने 'अत्यावश्यक लगभग सबै काम पूरा भइसकेको छ ।'

–बाँकी समाचार पृष्ठ ३ मा

## सुदूरपश्चिमको मौलिक पर्व 'पुषे पन्ध्र' कञ्चनपुरमा पनि मनाइयो




**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १५ पौष**

सुदूरपश्चिममा विशेष महत्वका साथ मनाइने मौलिक पर्व 'पुषे पन्ध्र' यस वर्ष पनि विभिन्न कार्यक्रमसहित मनाइएको छ । वसन्त ऋतुको आगमनतर्फ उन्मुख भएको संकेत दिने र महिनाको मध्यदिन पुस १५ गतेलाई सुदूरपश्चिमेलीहरूले परम्परागत पर्वका रूपमा मनाउँदै आएका छन् ।

पुषे पन्ध्रका अवसरमा गाउँका सबै एक ठाउँमा भेला भएर रातभर आगो ताप्दै जाग्राम बस्ने, तरुल, पिँडालु, सखरखण्डलगायतका कन्दमूल तथा विभिन्न परिकार खाने चलन रहिआएको छ । सामाजिक एकता, सद्भाव र संस्कृतिको प्रतीकका रूपमा हरेक वर्ष यो पर्व सुदूरपश्चिमभर मनाइन्छ ।

यसै अवसरमा सुदूरपश्चिमको मौलिक पर्व 'पुषे पन्ध्र' लाई केन्द्रमा राख्दै कञ्चनपुरको महेन्द्रनगरमा विशेष 'ककालु काव्यसभा' सम्पन्न भएको छ । सुदूरपश्चिमको कला, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न संस्थाहरूको संयुक्त आयोजनामा कार्यक्रम गरिएको हो । काव्यसभाको आयोजना गुगुल्डि वाङ्मय प्रतिष्ठान, मानसखण्ड फाउण्डेसन र मानसखण्ड गुरुकुल महेन्द्रनगरले संयुक्त रूपमा गरेका हुन् । कार्यक्रमको मुख्य प्रवर्धक ककालु फुड्स रहेको थियो, जसले स्थानीय उत्पादन र स्वादको प्रवर्द्धन गर्दै आएको छ ।

मानसखण्ड फाउण्डेसनका पूर्व अध्यक्ष तथा कार्यक्रम सञ्चालक रमेश पन्त 'मीतबन्धु' ले काव्यसभामा सुदूरपश्चिमका स्थापित तथा नवोदित साहित्यकारहरूले मौलिक परम्परा झल्किने कविता, काव्य र साहित्यिक रचना प्रस्तुत गरेको जानकारी दिए । कार्यक्रममा तरुल, गुडजस्ता परम्परागत परिकारसहित पुसे पन्ध्रको सांस्कृतिक झल्को प्रस्तुत गरिएको थियो ।

मानसखण्ड फाउण्डेसनका सचिव तथा मानसखण्ड गुरुकुलका प्रबन्ध निर्देशक हेमबाबु लेखकले प्रत्येक वर्ष सुदूरपश्चिमको मौलिकता जगेर्ना गर्ने उद्देश्यले पुसे पन्ध्र विशेष कार्यक्रम आयोजना गर्दै आइएको बताए । उनका अनुसार पुसे पन्ध्रका अवसरमा मातृभाषाका साहित्यिक र

–बाँकी समाचार पृष्ठ २ मा

आनंद हॉस्पिटल एवं रिसर्च सेंटर

Anand Hospital & Research Centre

न्यूरोलॉजी

ओ.पी.डी. दिनांक - 29 एवं 30 नवंबर

24 HOURS

- मिर्गी (EPILEPSY)
- फालिस (STROKE)
- सिर दर्द (HEADACHE)
- नसों की परेशानी (NEUROPATHY)
- मांसपेशियों की बीमारी (MYOPATHY)
- मल्टीपल स्क्लेरोसिस ( MULTIPLE SCLEROSIS)
- बोटोक्स (BOTOX INJECTION)



डॉ. शौकत नज़ीर वानी
MBBS, MD Medicine,
DM Neurology (RML Hospital, New Delhi),
ECFMG (United States) Certified.

सी.एस.डी. कैंटीन (पुराना सरकारी हॉस्पिटल) के सामने सितारगंज रोड खटीमा-उत्तराखण्ड

Wi-Fi Nepal
स्पीड पनि, सस्तो पनि

वाइफाई नेपाल प्रालिको

कर्मचारी आवश्यकता सम्बन्धि सुचना

यस वाइफाई नेपाल प्रालिलाई तपशिल बमोजिमका कर्मचारी आवश्यकता परेकोले ईच्छुक नेपाली नागरिकले सम्पर्क गर्नहुन सुचित गरिन्छ ।

तपशिल :

पद : बिक्री प्रतिनिधि (Seles Representative)

योग्यता : एस.इ.ई वा सोसरह

तलब स्केल : रू. १६,५००।+(SSF)+मोटरसाईकल मर्मत+पेट्रोल सुविधा

नोट : मोटरसाईकल आफ्नै हुनेलाई विशेष ग्राह्यता दिईनेछ ।

सम्पर्क :

वाइफाई नेपाल प्रालि, शाखा कार्यालय, महेन्द्रनगर, कञ्चनपुर

मो.९८०२३७००४०, Email : awasthinra@gmail.com



महेन्द्रनगरमा सुपथ मुल्यमा स्वादिलो खाना र आरामदायी बसाईका लागि हामीलाई सम्झनुहोस् !

रारा होटल एण्ड लज, गल्ली नं. ४ फोन नं. ९८०९४५४७७४

# कसरी हुँदैछ चुनावलाई स्रोत व्यवस्थापन ?

–पश्चिम नेपाल संवाददाता
काठमाडौं, १५ पौष

निर्वाचन आयोग र दलहरू आगामी २१ फागुनमा निर्धारित प्रतिनिधिसभा निर्वाचनमा होमिएका छन्। सरसर्ती हेर्दा चुनावको वातावरण बनेको छ । तर, अर्थ प्रशासनलाई भने स्रोत व्यवस्थापनको चुनौती अझै छ ।

लक्ष्य अनुसार संकलन हुन नसकेको राजस्व, वैदेशिक अनुदान पर्याप्त प्राप्त नभएको र अनिवार्य दायित्वबाट चालु खर्च कटौती गर्न नमिल्ने बाध्यताका कारण अर्थ प्रशासनलाई अतिरिक्त स्रोत व्यवस्थापनमा चुनौती भएको अर्थ मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

कठिनाइबीच निर्वाचनलाई आवश्यक स्रोत व्यवस्थापन अर्थ मन्त्रालयको पहिलो प्राथमिकता रहेको मन्त्रालयका प्रवक्ता तथा सहसचिव टंकप्रसाद पाण्डेय बताउँछन्। यसबीच निर्वाचन, पुनर्निर्माण र जेनजी आन्दोलनका मृतक र घाइतेलाई राहत समेत प्रदान गर्नुपर्ने अवस्था एकसाथ आउँदा अर्थ प्रशासन दबाबमा भने छ ।

अर्थले निर्वाचन आयोगका लागि ६ अर्ब ७३ करोड रुपैयाँ हाराहारीको स्रोत सुनिश्चितता दिइसकेको पाण्डेले बताए । त्यसबाहेक सुरक्षा संयन्त्रबाट निर्वाचन प्रयोजनका लागि सबैभन्दा ठूलो रकमको माग हुन्छ ।

गृह मन्त्रालयले नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान सहित निकायलाई १७ अर्ब रुपैयाँ हाराहारी अतिरिक्त बजेट आवश्यक हुने अनुमान गरेको छ । अर्थमा सुरक्षा संयन्त्रबाट स्रोत सहमतिका लागि प्रस्ताव प्राप्त भइनसकेको पाण्डेयले बताए ।

'सुरक्षा खर्चको आकलन र व्यवस्थापनबारे छलफल चलिरहेको छ,' उनले भने, 'स्रोत सहमतिका लागि प्रस्ताव भने आइसकेको छैन ।'

यसबाहेक रक्षा मन्त्रालयले समेत निर्वाचन लक्षित अतिरिक्त बजेट माग गर्ने गर्छ । 'विगतका अभ्यास, वर्तमान परिस्थिति र आवश्यकताका आधारमा बजेट मूल्यांकन भई माग होला,' उनले भने, 'राज्यको प्राथमिकता निर्वाचन भएका कारण सोही अनुसार स्रोत व्यवस्थापन अर्थले गर्छ ।'

अर्थ मन्त्रालयका अनुसार प्रतिनिधिसभा निर्वाचनका लागिमात्र कम्तीमा २७ अर्ब रुपैयाँ हाराहारी अतिरिक्त खर्च माग हुने अनुमान गरिएको छ । खासगरी निर्वाचनका लागि चाहिने







अन्य सहायता छिमेकी देशबाट माग गर्ने भए पनि सोही अनुसार माग गर्न सक्ने गरी समेत अर्थले सहमति दिइसकेको मन्त्रालयका अर्का एक उच्च अधिकारीले बताए ।

निर्वाचनमा सबैभन्दा ठूलो खर्च निर्वाचन लक्षित म्यादी प्रहरीका लागि हुने गर्छ । सरकारले डेढ लाख हाराहारी म्यादी प्रहरी भर्ना गर्ने तयारी गरेको छ । संख्याको टुंगो भने लागिसकेको छैन । सरकारले ४० दिन बराबरको प्रहरी जवानको सुरु स्केल अनुसार सेवा सुविधा दिएर कामका खटाउने गरेको छ ।

निर्वाचन आयोगले न्यूनतम खर्चमा निर्वाचन सम्पन्न गर्ने यसअघि नै बताएको थियो । सोही अनुसार आयोगले पाएको स्रोत सुनिश्चितता विगतका निर्वाचनमा भएकै खर्च हाराहारी देखिन्छ ।

२०७९ सालको स्थानीय तह निर्वाचनमा आयोगले ५ अर्ब ४ करोड रुपैयाँ खर्च भएको रिपोर्ट सार्वजनिक गरेको थियो । सोही वर्ष भएको प्रतिनिधिसभा र प्रदेश सभा तथा राष्ट्रपति र उपराष्ट्रपति सहितका निर्वाचनमा ७ अर्ब हाराहारी खर्च भएको आयोगले सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।

सुरक्षा निकायमा भने यस पटक जेनजी आन्दोलनबाट भएको क्षतिको असरले खर्च बढ्ने निश्चित छ । आन्दोलनको निशानामा परेको नेपाल प्रहरीसँग सवारीसाधन, पोसाक र अन्य उपकरणमा ठूलो क्षति पुगेको थियो ।

अर्थमन्त्री रामेश्वर खनालले मन्त्रालय सम्हाले लगत्तै चालु प्रकृतिको बजेटमा व्यापक कटौती थालेका थिए । पूँजीगततर्फ खुद्रे आयोजनामा विनियोजन भएको बजेट रोक्का राख्ने निर्णय समेत भएको थियो ।

त्यसमध्ये क्रमागत आयोजना, ठेक्का लागिसकेको र विगतका काम भएको र भुक्तानी गर्नुपर्ने दायित्व सिर्जना भएका आयोजनाका बजेट भने क्रमशः फुकुवा गर्न थालिएको छ ।

अर्थ प्रवक्ता पाण्डेयका अनुसार मन्त्रिपरिषद्ले एक क्लस्टरमा एकमुष्ट बजेट रोक्का राख्ने निर्णय गरेकोमा अब भने आवश्यकताका आधारमा पूँजीगत प्रकृतिका आयोजनामा क्रमशः बजेट फुकुवा गर्न थालिएको छ । यी प्रयास वर्तमान बजेट भित्रैबाटै जेनजी आन्दोलनपछि थपिएको दायित्व पूरा गर्न चालिएको मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

कुल १४ खर्ब ८० अर्ब रुपैयाँ हाराहारी राजस्व संकलन गर्ने लक्ष्य राखेको सरकारले सोमबारसम्म ४ खर्ब ३४ अर्बमात्र संकलन गर्न सकेको छ, जुन लक्ष्यको २९.३३ प्रतिशतमात्र हो ।

यसबीच वैदेशिक अनुदान ५ अर्ब ५० करोड रुपैयाँमात्र प्राप्त भएको छ । अन्य आम्दानी ३ अर्ब ७६ करोडमात्र छ । सोमबारसम्म कुल आम्दानी ४ खर्ब ४३ अर्ब रुपैयाँ भएको छ । यसबीच बजेट खर्च भने ६ खर्ब १६ अर्ब ९० करोड बराबर रहेको छ ।

महालेखा नियन्त्रकको कार्यालयका अनुसार सरकारको आम्दानी र खर्चबीच १ खर्ब ७३ अर्ब ४९ करोड रुपैयाँ बराबर खाडल रहेको देखिन्छ । यसबाट सरकार अतिरिक्त दायित्वमा दबाबमा रहेको स्पष्ट हुन्छ ।

# दार्चुलामा ९२ हजार ९४८ मतदाता कायम

–पश्चिम नेपाल संवाददाता
दार्चुला, १५ पौष

दार्चुलामा आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि कुल ९२ हजार ९४८ मतदाता कायम भएका छन्। अघिल्लो निर्वाचनको तुलनामा जिल्लामा मतदाताको संख्या वृद्धि भएको हो ।

अघिल्लो निर्वाचनसम्म दार्चुलामा कुल ९० हजार ७८२ मतदाता रहेका थिए । हाल निर्वाचन आयोगले गरेको मतदाता नामावली अद्यावधिकसँगै दुई हजार १६६ नयाँ मतदाता थपिएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी चित्रप्रकाश जोशीका अनुसार हाल कायम मतदातामध्ये ४७ हजार ७५५ पुरुष र ४५ हजार १९३ महिला मतदाता रहेका छन् ।

मतदाता नामावली अद्यावधिकपछि जिल्लाको पालिका अनुसारको तथ्याङ्कसमेत सार्वजनिक गरिएको उनले जानकारी दिए । जिल्लामा दुई नगरपालिका र सात गाउँपालिका रहेका छन् । स्थानीय तहगत तथ्याङ्कअनुसार शैल्यशिखर नगरपालिकामा १५ हजार ५१६ मतदाता रहेका छन्, भने महाकाली नगरपालिकामा १४ हजार १४३ मतदाता कायम भएका छन् ।

यस्तै मालिकार्जुन गाउँपालिकामा ११ हजार ८७८, लेकम गाउँपालिकामा १० हजार ३११ र नौगाड गाउँपालिकामा १० हजार ८८ मतदाता र हेका छन् । मार्मा गाउँपालिकामा नौ हजार ६१३, दुहुँ गाउँपालिकामा आठ हजार ४४१, व्यास गाउँपालिकामा आठ हजार १६२ तथा अपी हिमाल गाउँपालिकामा चार हजार ७९६ मतदाता कायम भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

आगामी निर्वाचनका लागि जिल्लामा ११२ मतदानस्थल र १४३ मतदान केन्द्र कायम गरि एको छ। प्रतिनिधि सभा सदस्य निर्वाचनलाई निष्पक्ष, भयरहित र सफल रूपमा सम्पन्न गर्न जिल्ला निर्वाचन कार्यालयले आवश्यक तयारी तीव्र बनाएको सूचना अधिकारी जोशीले जानकारी दिए । फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचन नजिकिँदै जाँदा दार्चुलामा सुरक्षा व्यवस्था, प्राविधिक तयारी तथा निर्वाचन व्यवस्थापनका कामलाई तिव्रता दिइएको छ ।




# सुदूरपश्चिमको मौलिक पर्व...

चनाहरू वाचन गर्ने, तरुल खाने, कटकी चिया खाने, विगतका दिनहरू स्मरण गर्ने र पुर्खाहरूले कसरी यो पर्व मनाउँथे भन्ने अनुभव साटासाट गर्ने परम्परा थियो । त्यही मौलिक संस्कारलाई जोगाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको उनले बताए ।

गुगुल्डी वाङमय प्रतिष्ठानका अध्यक्ष एवम् सुदूरपश्चिमका साहित्यिक धरोहर बिर बहादुर चन्द (विश्राम) ले पुसे पन्ध्रजस्ता मौलिक पर्व र साहित्यिक कार्यक्रमहरूले सुदूरपश्चिमको पहिचान जोगाउन महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले आधुनिकता र प्रविधिको प्रभावबीच पनि पुर्खाले छाडेर गएका भाषा, साहित्य र संस्कृतिलाई संरक्षण गर्नु आजको आवश्यकता भएको उल्लेख गरे । यस्ता काव्यसभा तथा सांस्कृतिक कार्यक्रमले नयाँ पुस्तालाई आफ्नो माटो, भाषा र परम्परासँग जोड्ने काम गरेको उनको भनाइ थियो ।

त्यस्तै, गुगुल्डी वाङमय प्रतिष्ठानका सचिव जगदिश ओझाले पुसे पन्ध्र केवल चाडपर्व मात्र नभई सुदूरपश्चिमी समाजको सामूहिक स्मृति र सांस्कृतिक चेतनाको प्रतीक भएको बताए । उनले साहित्य, लोककथा, कविता र परम्परागत भाकामार्फत पुर्खाको जीवनशैली र मूल्यलाई जोगाएर अगाडि बढाउनु प्रतिष्ठानको मुख्य उद्देश्य रहेको उल्लेख गरे। यस्ता कार्यक्रमले स्थापित र नवोदित साहित्यकारबीच संवाद र सहकार्य बढाउने विश्वास पनि उनले व्यक्त गरे ।

कार्यक्रमले सुदूरपश्चिमको सांस्कृतिक पहिचान संरक्षणमा टेवा पुग्ने सहभागीहरूले विश्वास व्यक्त गरेका छन् ।

लाईफ केयर प्याथोलोजी
अब विशेषज्ञ चिकित्सक

लाईफ केयर प्याथोलोजी द्वारा विशेषज्ञ चिकित्सक समुह को साथमा विशेषज्ञ सेवाका साथ लाईफ

डा. केशव भट्ट – MBBS, MS Orthopedics – हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
डा. शक्ति नृसिंह यादव – MBBS, MD (Pediatric) – वरिष्ठ नवजात तथा बालरोग विशेषज्ञ
डा. प्रशान्त भट्ट – MBBS, MS (ENT) – नाक, कान, घाटी तथा थाइरोइड रोग विशेषज्ञ
डा. शोमनाथ भण्डारी – MBBS, MD/MS (Obs,Gyne) – वरिष्ठ महिला तथा प्रसुति रोग विशेषज्ञ
डा. निर्मल अमर सिंह थापा – MBBS, MS (General Surgeon) – हाइड्रोसिल, हर्निया, बवासिर, पेट रोग विशेषज्ञ

लाईफ केयर क्लिनिक
099-590232, 9828052023, 9858650360, 9848723066 /lifecarepath

## श्री सिद्धनाथ मन्दिर विकास समिति
## भीमदत्त-०८, भगतपुर, कञ्चनपुर

# फूल प्रसादी ठेक्का दिने बारे १५ दिने सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०९/१०

यस भीमदत्त नगरपालिकाको वडा नं. ४ श्री सिद्धनाथ मन्दिर विकास समितिको फूल प्रसादी ठेक्का यस मन्दिर विकास समितिको विधान २०५६ संशोधित तथा परिमार्जिक विधान २०६९ समितिको मिति २०८२/०९/०५ गतेको बैठकको निर्णयअनुसार उक्त विधानको परिच्छेद २ को दफा ४ (४) दफा ५ (ङ) बमोजिम वार्षिक फूल प्रसादीको ठेक्का यस समितिले आह्वान गर्ने भएको हुँदा यस संस्थाले आजैका मितिदेखि लागु हुने गरी १५ दिने सुचना तपशिल बमोजिमका सर्तहरूको अधिनमा रही सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपशील :

१) फूल प्रसादीको ठेक्काको न्यूनतम अंक १९,०१,०००/- (अक्षरुपी उन्नाइस लाख एक हजार मात्र) कायम गरिएको छ।
२) ठेक्का अवधि २०८३ साल माघ मसान्तसम्म रहने छ।
३) सिलबन्दी बोलपत्रको आधारमा ठेक्काको बन्दोबस्त गरिने छ।
४) बोलपत्रको रकम रू २,०००/- (दुई हजार) धरौटी फिर्ता नहुने गरी श्री सिद्धनाथ मन्दिर विकास समितिमा दाखिला गर्नुपर्नेछ।
५) सिलबन्दी बोलपत्र सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनको दिउँसो ४ बजे भित्र श्री सिद्धनाथ मन्दिर विकास समितिको कार्यालयमा दर्ता गर्न सकिने छ।
६) रितपूर्वक पर्न आएका सिलबन्दी बोलपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिनको दिउँसो १ बजे सम्बन्धित समितिका प्रतिनिधिहरु, नगरपालिकाका प्रतिनिधि र ठेक्केदार वा ठेक्केदारका प्रतिनिधिहरुको रोहवरमा मन्दिर परिसरमा खोलिनेछ।
७) नेपाली नागरिकले धरौटीबाफतको कबोल रकमको ५% रकम यस संस्थाको महेन्द्रनगर राष्ट्रिय वाणिज्य बैंक बचत हिसाब नं. ४१८०१०००१९०३१०१० मा जम्मा गरेका सक्कलै बैंक भौचर सिद्धनाथ मन्दिर विकास समितिको नाममा वा नगद रकम सिलबन्दी बोलपत्रका साथ संलग्न राख्नुपर्नेछ । साथै स्थायी लेखा नम्बर (PAN) को फोटोकपि समेत पेश गर्नुपर्नेछ ।
८) बोलपत्रमा उल्लेखित रकम ठेक्का सदर भएपछी एकमुष्ट जम्मा गर्न लगाई सम्झौता गरी कार्यादेश दिइने ।
९) रीत नपुगेका वा म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही हुने छैन । ठेक्का सम्बन्धमा केहि बुझ्नु परेको अवस्थामा श्री सिद्धनाथ मन्दिर विकास समितिको कार्यालयमा सम्पर्क राख्नुपर्नेछ ।
१०) रितपूर्वक दर्ता भएका सिलबन्दी बोलपत्रहरू ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार मन्दिर विकास समितिमा निहित रहनेछ।
११) समितिले ठेक्का सम्झौतामा तोकिएका फूल प्रसादी सामग्रीको मापदण्ड अनुसार बिक्री वितरण गर्नुपर्नेछ।

फोन : ०९९-५९०९७३, ९८४९७३५७३६

चन्द्र कान्त भट्ट (सिके)
महासचिव

# फजुल खर्च कटौती गरेको सरकारले झन्डै ८ करोड पर्यटन भत्ता बाढ्दै !




–पश्चिम नेपाल संवाददाता
धनगढी, १५ पौष

कर्मचारी समायोजन हुँदा सुदूरपश्चिम प्रदेश सरकार मातहतमा दुई हजार ७१५ दरबन्दी समायोजन भएको थियो । २०७४ मा स्वीकृत दरबन्दीभन्दा केही कम कर्मचारी प्रदेशमा समायोजन भएर आएका थिए। प्रदेश सरकारसँग अहिले दुई हजार ३०४ स्थायी दरबन्दी छन् ।

सुदूरपश्चिम सरकारले प्रदेशको आन्तरिक पर्यटन प्रवर्द्धनमा टेवा पु¥याउने भन्दै २०७७ सालमा प्रदेश निजामती कर्मचारी आन्तरिक भ्रमण निर्देशिका ल्याएको थियो। उक्त निर्देशका अनुसार प्रदेश सरकारले आर्थिक वर्ष २०७७/७८ बाट प्रदेशमा कार्यरत निजामती कर्मचारीहरूलाई आन्तरिक पर्यटनमा जान बिदा र खर्च गर्न रकम दिँदै आएको छ ।

आन्तरिक पर्यटन भ्रमण जाने प्रदेश निजामती कर्मचारीले सात दिनसम्मको काज लिन पाउँछन् भने सुरूको तलब बराबरको भ्रमण खर्च पाउँछन् । तर अधिकांश कर्मचारीहरूले भ्रमण बिदा स्वीकृत गराएर घरमै बस्ने तर भत्ता बुझ्ने गरेको बताइन्छ ।

प्रदेश सरकारले प्रदेश निजामती कर्मचारी नियमावली ल्याएपछि उक्त नियमावलीमा समेत कर्मचारीहरूलाई पर्यटन भत्ता र बिदा दिने व्यवस्था राखिएको छ । प्रदेश निजामती सेवा नियमावली २०८१ को नियम ७४ मा कर्मचारीलाई वर्षमा बढीमा सात दिनसम्मको पर्यटन बिदा उपलब्ध गराउने व्यवस्था राखिएको छ ।

नियमावलीमा प्रदेशमा कार्यरत प्रमुख सचिव र प्रदेश सचिव बाहेक अन्य कर्मचारी कम्तिमा निरन्तर ६ महिना रुजु हाजिर भएमा पर्यटन बिदाको सुबिधा पाउने उल्लेख छ ।

पर्यटन बिदा लिएर भ्रमणमा जाँदा कार्यरत रहेको कार्यालय भएको स्थानीय तह र स्थायी बसोबास भएको स्थानीय तह बाहेक नेपालका कम्तिमा दुई जिल्लाका जुनसुकै स्थानमा घुम्न गएको हुनुपर्छ ।

पर्यटन बिदामा घुम्न गएको कर्मचारीले भ्रमण प्रतिवेदन तयार गरेर बुझाउनुपर्छ । तर, सुदूरपश्चिम प्रदेश सरकार मातहतका अधिकांश कर्मचारीहरूले भने भ्रमण बिदा स्वीकृत गराउने, एक महिनाको तलब बराबरको रकम पनि बुझ्ने र घरमै बसेर प्रतिवेदन लेखेर बुझाउने गरेको स्वयं कर्मचारीहरूले नै बताएका छन् ।

पुराना फोटाहरूको संकलन गरेर प्रतिवेदन तयार गरी कर्मचारीहरूले बुझाउने र भ्रमण भत्ताको रकम त्यतिकै पचाउने गरेको ती कर्मचारीको भनाइ छ। नाम उल्लेख नगर्न भन्दै उनले कर्मचारीहरूले पाँच वर्षमा राज्यको पचास करोड पचाएको बताए ।

## भ्रमण खर्चको नाममा यो वर्ष पनि ८ करोड खर्च

सुदूरपश्चिम सरकारले दिएको सुबिधा हरेक कर्मचारी उपभोग गरेको मान्ने हो भने २०७७ सालदेखि पाँच वर्षसम्म वार्षिक ८ करोडका दरले ४० करोड राज्यको रकम कर्मचारीहरूले भ्रमण नै नगरी बुझेको देखिन्छ ।

दुई हजार पाँच सय स्थायी कर्मचारी कार्यरत रहेको आधारमा औसतमा ३५ हजार सुरूको स्केल रहेको आधार मान्ने हो भने कर्मचारीहरूलाई प्रदेश सरकारले अहिलेसम्म ४० करोड रकम दिएको देखिन्छ ।

कर्मचारी संख्या थोरै तल माथी भए पनि प्रदेश सरकारले कर्मचारीहरूलाई दसैं भत्ता र पर्यटन भत्ताको नाममा एक आर्थिक वर्षमा १४ महिना तलब खुवाएको देखिन्छ ।

## सरकारले पर्यटन भत्ता रोक्न सकेन

गत भदौ २४ गते भएको जेन्जी आन्दोलनको कारण प्रदेश सरकारले ठूलो क्षति व्यहोर्नुपरेको छ। प्रदेश सरकारले १० लाख बजेट भएका टुक्रे योजना कार्यान्वयन नगर्ने बताएको थियो ।

आर्थिक समस्यालाई मध्यनजर गरेर खर्च कटौती गरेको बाताएको प्रदेश सरकारले कर्मचारीले पाँच वर्षदेखि खाँदै गरेको पर्यटन भत्ता भने विगत झैं दिन थालेको छ। विभिन्न मन्त्रालय र कार्यालयका केही कर्मचारी पर्यटन बिदामा गइसेका छन् भने बाँकीले बिदा स्वीकृत गर्न समय मिलाउन थालेका छन् ।

मुलकले आर्थिक संकट बेहोरी रहेको वर्तमान अवस्थामा प्रदेश सरकारले पर्यटन भत्तामा करोडौ कर्मचारीहरूलाई वितरण गर्नु गलत भएको एक कर्मचारीले बताए। उनले सरकारले भन्ने एउटा कुरा र गर्ने अर्कै कुरा हुँदा प्रदेशको विकासको गति प्रभावित भएको उनको भनाइ छ ।

पर्यटन भत्ताको विषयमा कुरा गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का सूचना अधिकारी जगदीश जोशीसँग बुझ्दा उनले नियमावलीमा रहेको व्यवस्थाकै आधारमा कर्मचारीहरूले आफू काम गरिरहेको कार्यालयबाटै भत्ता बुझ्ने र बिदा स्वीकृत गर्ने गरेको बताए ।

प्रदेश निजामती सेवा नियमावलीको व्यवस्था अनुसार पर्यटन भत्ता उपलब्ध गराइएको उनले बताए । यसअघि भने प्रदेश सरकारले आर्थिक कारणले यो वर्ष पर्यटन भत्ता दिन नसकिने भएकाले चालु आर्थिक वर्षमा भत्ता नदिने विषयमा छलफल गरेको थियो ।

उक्त छलफलपछि भने सरकारले प्रदेशका कर्मचारीले आर्थिक वर्ष २०७७/०७८ देखि खाएको सुविधा हटाउन नसकेको हो। संघीय सरकारले समेत आफ्ना कर्मचारीलाई दिन नसकेको सुविधा सुदूरपश्चिम प्रदेश सरकारले भने दील खोलेर दिँदै आएको छ। सुदूरपश्चिम प्रदेश सरकारले आफ्ना कर्मचारीलाई दिएको पर्यटन भत्ताको सुविधा स्थानीय तहका कर्मचारीले समेत पाउने भनेर अहिलेसम्म कुनै नियम बनाएको छैन ।

# चार महिनापछि...

सामान्यतः बजेट अधिवेशन अन्त्य गरेर यतिबेला हिउँदे अधिवेशन सुरु गर्नु पर्ने बेला हो । तर बजेट अधिवेशन नै अन्त्य हुन नसकेर सोही अधिवेशनलाई निरन्तरता दिएर बुधबार बैठकको तयारी गरिएको हो । हिउँदे अधिवेशन कानुन निर्माणको अधिवेशन पनि हो ।

यसबीचमा सुदूरपश्चिम प्रदेशसभामा यसअघि कायम रहेको अंकगणित पनि फेरिएको छ । प्रदेशसभामा नेपाली कम्युनिस्ट पार्टी सबैभन्दा ठूलो दल भएको छ ।

साविकको माओवादी केन्द्र, एकीकृत समाजवादी र नागरिक उन्मुक्ति पार्टीबीच एकतापछि नेपाली कम्युनिस्ट पार्टी ठूलो दल बनेको हो । ५३ सदस्यीय सुदूरपश्चिम प्रदेश सभामा यसअघि १८ सांसद रहेको कांग्रेस सबैभन्दा ठूलो दल थियो ।

सभामुखबाहेक १० सांसद रहेको माओवादी केन्द्र र चार सांसद रहेको एकीकृत समाजवादीबीच यसअघि नै एकता भएपछि १३ सांसद (एक जना निलम्बन) सहित दोस्रो ठूलो दल बनेको थियो ।

सोमबार सात सांसद रहेको नागरिक उन्मुक्ति पनि नेपाली कम्युनिस्ट पार्टीमै समाहित भएपछि अब सो पार्टीका २० सांसद भएका छन् ।

सुदूरपश्चिममा हाल एमालेको साझेदारीमा कांग्रेस नेतृत्वको सरकार छ । एमालेका ११ सांसद छन् । प्रदेश सभामा एक जना राप्रपा र एक जना स्वतन्त्र सांसद (हाल रास्वपा) का सांसद छन् ।

रमाईलो®
तपाईंको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

निःशुल्क लोकसेवा कक्षा सञ्चालन हुने बारे सुचना
जय देबताल बाबा ।।
अनलाईन कक्षा तथा भौतिक कक्षा सञ्चालन हुने
☆ लोक सेवा आयोगतर्फः शाखा अधिकृत, ना.सु.,खरिदार
☆ सङ्गठित संस्था सहायक द्वितीय, चौथो तह, पूर्व योग्यता परीक्षाको लिखित तयारी कक्षा
☆ प्राविधिक तर्फः स्टाफ नर्स, अनमी,अहेव,कृषि तथा भेटेनरी
☆ सुरक्षा निकाय तर्फ लोक सेवा बिशेष तयारी कक्षा
☆ नेपाली सेना, सशस्त्र प्रहरी, नेपाली प्रहरी लोक सेवा आयोग लिखित तयारी कक्षाहरु
नेपाली सेनातर्फः अधिकृत क्याडेट (Second Lieutenant) सेकेण्ड लेफ्टिनेन्ट, सैन्य
सशस्त्र प्रहरीतर्फः प्रहरी निरीक्षक(इन्स्पेक्टर), अ.स.ई. (ASI), नेपाल प्रहरी जवान
नेपाली प्रहरी तर्फः प्रहरी निरीक्षक (इन्स्पेक्टर), अ.स.ई. (ASI), नेपाल प्रहरी जवान
राष्ट्रिय अनुसन्धान विभाग : अनुसन्धान अधिकृत, सहायक सुचक, अन्य प्राविधिक
अंग्रेजी गणित नेपाली सामान्यज्ञान सैनिक ऐन तथा नियमावली
देबताल एजुकेशन रिसर्च सेन्टर
EDUCATION IS THE PATHWAY TO SUCCESS...
सम्पर्क कार्यालय
अत्तरिया शालिक चोक पूर्वपट्टी DXN Office संगै
9761183767, 9814522551
लोक सेवा तयारी कक्षा
प्रधान कार्यालय
भृकुटी स्कुलको व्यावसायिक भवनको तेस्रो तला
9814522551, 9820558221

विज्ञापन लगानी हो ।

विशेषज्ञ डाक्टरहरु सौजन्य मेडिकलमा
डा. रवि स्वार
M.B.B.S., M.S., (E.N.T.)
बरिष्ट नाक, कान, घाटी रोग विशेषज्ञ
प्रत्येक महिनाको पहिलो शनिबार
डा. सुमित पाण्डेय
M.D. डर्मा, बरिष्ठ छाला, यौन तथा सौन्दर्य विशेषज्ञ, नेपालगञ्ज मेडिकल कलेज
प्रत्येक महिनाको पहिलो शनिबार
डा. मोहन बेलबासे
M.D. साइकेट्रिक, बरिष्ठ मानसिक नशारोग विशेषज्ञ, नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल
प्रत्येक महिनाको दोस्रो शनिबार
डा. निराजन दत्त शर्मा
M.D.-1020 NMC
पेट छाति तथा मुटु रोग विशेषज्ञ, पुर्व कार्यरत ग्राण्डी ईन्टरनेशनल हस्पिटल काठमाण्डौ
प्रत्येक महिनाको अन्तिम शनिबार
डा. धर्मनाथ यादव
M.D. (कार्डियोलोजी) इन्टरभेसनल कार्डियोलोजी (मेदान्त अस्पताल), वरिष्ठ मुटुरोग विशेषज्ञ शहीद गंगालाल हृदयरोग केन्द्र, काठमाडौं
हरेक महिना तेस्रो शुक्रबार र शनिबार
सुविधाहरु: TMT अल्ट्रासाउन्ड, इको कार्डियोग्राफी, डिजिटल, ई.सी.जी., एक्स-रे, कानको सुनाई परीक्षण, घाँटीको इन्डोस्कोपी छालाको जाँच, ल्याब सुविधातथा औषधीहरु आदि।
सम्पर्क स्थान: सौजन्य मेडिकल तथा क्लिनिक
गल्ली नं. ३ (पुरानो पाटनी मेडिकल), महेन्द्रनगर, कञ्चनपुर, फोन: ०९९-५२२६६६, ५२३४३५

# के तपाईलाई थाहा छ ?

-हुलाकले चिठीपत्र मात्र होइन, समान पनि बोक्छ नि । -तपाईको २० केजीसम्मको समान देशभरि जुनसुकै जिल्लामा पठाउन सकिन्छ । -पठाएको समान वा चिठी पत्र कहाँ पुग्यो भनेर आफ्नै मोबाइलबाट tracking गर्न सकिन्छ ।
-साथै विश्वका सम्पूर्ण देशहरुबाट समान (Parcle) नेपालमा प्राप्त गर्न सकिने र नेपालबाट ७१ देशका ९३ गन्तव्यमा पठाउन सकिने ।

जिल्ला हुलाक कार्यालय कञ्चनपुर

**खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!**

# डा. अर्जुन भट्ट

(MBBS, MD GP) *NMC No. 11978*

*महाकाली अस्पतालका कन्सल्टेन्ट फेमली फिजिसियन* (पेट छाति, मुटु दम, हाडजोर्नी, नसा मृगौला तथा थाईराईड रोग विशेषज्ञद्वारा नियमित चेकजाँच गराईनुका साथै हाइड्रोसिल हर्निया, एपेन्डिक्स, पाईल्स सम्बन्धि उपचार तथा विभिन्न प्रकारका भेक्सिन (निमोनिया, टिटनस, रेविज, हेपटाईटिस बी आदि) को सुविधा प्रदान गरिन्छ । **विशेष: जेष्ठ नागरिक (७० वर्ष भन्दा माथि) लाई परामर्श शुल्कमा ३३% छुटको सुविधा छ । डा. आउने समय : प्रत्येक दिन बिहान : ७ बजेदेखि ९:३० बजेसम्म र बेलुका: ३ बजेदेखि ८ बजेसम्म**

# स्थान: सौभाग्य मेडिको

अस्पताल गेट महेन्द्रनगर, फोन ९८४८७२०२५८, ९८४८७२५११४

# आनन्द हस्पिटल एण्ड रिसर्च सेन्टरमा सबै सुविधा

EMERGENCY 24 HOUR SERVICE

ANAND HOSPITAL & RESEARCH CENTRE

**चौबिसै घण्टा इमरजेन्सी सुविधा**



## डा. भावेश

M.B.B.S.,M.D.(Medicine) Physician
Fellowship in Echocardiology
Fellowship in Diabetes &
Endrocrinologyu, (जनरल मेडिसिन)

**हृदय, श्वास एवं सुगर रोग विशेषज्ञ**
***मुटु रोगको सम्पूर्ण सफल उपचार***

**उपचार हुने रोग वा समस्याहरू** : सुगर, ब्लड प्रेसर, थकाइ लाग्नु, शरिर फुस्रो हुनु, धेरै चिसो लाग्नु, कपाल झर्नु, महिनाबारी गडबडी हुनु, थाइराइड, मुर्छा पर्नु, नसा झमझमाउनु, शरिर पहेलो हुनु, कब्जीयत, पेट सफा नहुनु, पेट पोल्नु, खुनेको उल्टी हुनु, कालो दिसा हुनु, भोक र निद्रा नलाग्नु, चिडचिडापन हुनु बेहोसा हुनु, धेरै कुरा सोचिरहनु शास फुल्नु, मुटुको धडकन् बढ्नु चक्कर आउनु, धेरै तिर्खा लाग्नु मुटुरोग सम्बन्धी सम्पूर्ण रोगको उपचार र कुनै पनि विषालु सर्प र किराले टोकेको उपचार

***प्रत्येक दिन***

## डा. योगेश नागेंदर

MBBS, MD,DM
(Cardiology)

(वरिष्ठ हृदय रोग विशेषज्ञ, १४ बर्षको अनुभव)
(एंजियोप्लास्टी, एंजियोग्राफी र पेजमेकर बिशेष ओपिडी, प्रत्येक महिनाको पहिलो तीन बिहीबार दिउँसो २ बजेदेखि ४ बजे सम्म)

## डा. जेम्स मारक

MBBS, MD,
रेडियोलोजिष्ट RML

**अल्ट्रासाउण्ड सम्बन्धि बिरामीहरुका लागि**

***प्रत्येक दिन***

## डा. कुलदिप सिंह खडायत

MBBS, DNS (Surgery) (जनरल सर्जन)

**शरीरमा आउने गाठागुठीको उपचार**

**उपचार हुने रोग वा समस्याहरु** : पित्तथैलीको कार्लप्लाडरको पथरी, बच्चादानीको जाँच, हर्निया, एपेन्डिस, पाइल्स, भगन्दर, बाबासीर, हाइड्रोसिल, स्तनमा आएको गाठागुठीको सफल उपचार शरीरमा आउने अन्य गाठागुठीको सफल उपचार एवं अप्रेसन सुविधा र उपचारको व्यवस्था भएको ।

***प्रत्येक दिन***

## डा. हिना(स्त्री तथा प्रसुती रोग बिशेषज्ञ)

महिलाको पाठेघर लगायत महिला सम्बन्धी सम्पुर्ण रोगको उपचार

***प्रत्येक दिन***

## नवजात शिशु एवं बालरोग सम्बन्धी उपचार

**उपचार हुने समस्याहरू** : नवजात शिशु, बालरोग सेवा, दम रोग, पोलियो, जन्मजात अपाङ्गता, पेचिस टिभी, टाउकोको दुखाई बेबी केयर, कुपोषण, डायरिया, पिलिया, बच्चाको खोप

**डाक्टर भेटिने समय:**

***प्रत्येक दिन***

***सुविधाहरू:*** *I.C.U. प्याथोलोजी, ई.सी.जी., डिजिटल एक्स-रे, सी-आर्म, नेबुलाईजर, कार्डियक मोनिटर, बाईपेप, सी.पेप, भेन्टिलेटर, क्यान्टिन र बिरामी भर्ना सुविधा तथा औषधीहरु आदि ।*

## डा. गणेश बी. एल.

M.Ch (Neurosurgery)DELHI AIIMS
(वरिष्ठ न्युरो रोग विशेषज्ञ, ८ बर्षको अनुभव)
(बिशेष ओपिडी, प्रत्येक महिनाको पहिलो तीन बिहीबार दिउँसो २ बजेदेखि ४ बजे सम्म )

**आइन्टो, बेसफुलर, ब्रेन एवं स्पाइन रोग विशेषज्ञ**
***मस्तिष्क सम्बन्धि सम्पूर्ण उपचार हुने***

***लुटपाटको कुनै पनि डर नभएको र हाम्रो यहाँ नेपाली रुपैया पनि स्वीकार गरिन्छ ।***

***आयुष्मान, टी.पी.ए., ई.एस.आई. कार्ड धारको र*** *Assam Rifles, CISF, CRPF, ITBP, NSG, RPF, SSB, SFF, SPG, RAF का जवान र उनका परिवारको कैशलेस उपचारको सुविधा ।*

**सम्पर्क स्थान: आनन्द हाँसिपटल एण्ड रिसर्च सेन्टर**
**सितारगञ्ज रोड खटिमा, ०५९४३-२५२७००, २५१४८५, ९६७५५३३३३३, ९४१०३४०५८५**


मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादक: **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादक: **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादक: **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादक: स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादक:**नृगबहादुर शाह**
कार्यालय: गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोन: ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेल: westnepaldaily@gmail.com, मुद्रक: जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७